नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२७९ दायर मितिः-२०८१/११/१२**

**फैसला मितिः-२०८१/१२/०५**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **खुस्बु सहनीको जाहेरीले नेपाल सरकार.........................१** | **जिल्ला पर्सा बिन्दबासिनी गाउँपालिका वडा नं.५ हस्वाटोल बस्ने शिव साह तेलीको छोरा वर्ष ३३ को बिपिन साह तेली ........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालीलाई गालि गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालीलाई गालि गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालीलाई गालि गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालीलाई गालि गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका जितेन्द्र प्रसाद कुर्मी समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा जाहेरवाली खस्बु सहनीलाई मैले करीब १ महिना पहिला प्रेम प्रस्ताव रहेको थिए । निजले मेरो प्रेम प्रस्ताव अस्विकार गरेपनि म पटक पटक उ बस्ने घरमा पुग्ने गरेको हुँदा प्रहरी वोलाई मलाई पक्राउन लगाएकी हुँन । तर मैले निजलाई गालि गलौज गरेको छैन भनि यस कार्यालयमा उपस्थित भई ईन्कारी बयान गरेतापनि मिति २०८१।११।०२ गते अं.०७:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१० गणेश टोल स्थित म आफ्नो डेराकोठामा बसी पढीरहेको अवस्थामा अचानक मेरो ढोका ढकढक गरेको थाहा पाई निस्की हेर्दा प्रतिवादी बिपिन साह तेली रहेकोमा निजले मलाई पहिला पनि बिवाह गर्न पटक पटक भनी दुःख हैरानी गरेको हुँदा वारदात समयमा पनि मैले निज प्रतिवादीलाई यहाँबाट जानुस भनी भन्दा मलाई गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने समेत ब्यहोरको खुस्बु सहनीको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवालीलाई बिवाह गर्न पटक पटक भनी दुःख हैरानी दिई गाली गलौज गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी बिपिन साहलाई कैद दिन १०, जरिवाना रु.२५००/- अक्षरेपी दुई हजार पाँच सय र क्षतिपूर्ती शुल्क रु.२००/- मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी बिपिन साहलाई ठहरेको कैद दिन १० को हकमा निज मिति २०८१/११/०२ देखि २०८१/११/११ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.२४९/२०८१/११/१३ बाट दाखिला गरेको धरौटी रकम रु.२७००/- बाट जरिवाना रकम रु.२५००/- र क्षतिपूर्ती शुल्क क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु---------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना ५ गते मंगलवार रोज ३/ ने.सं. ११४५ चिल्लागा चतुर्थी, शुभम् .......